आज मिति २०८२/०३/०६ गते यस निस्दी गाउँपालिकाको ८४ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना
४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी
५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती
६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी
७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै
८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी
९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा
१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी
११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै
१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु
१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी
१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी
१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.
१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल
१८. लेखा अधिकृत श्री सरोज काफ्ले
१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

**मिति २०८२। ०३।०६ गते बसेको निस्दी गाउँपालिकाको ८४ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. धान दिवश मनाउने सम्वन्धमा।

३. भूक्तानी सम्वन्धमा सम्वन्धमा।

४. नदिजन्य पदर्थको ठेक्का व्यवस्थापन सम्वन्धमा।

५. कृषि अनुदान सम्वन्धमा।

६. परिश्रमिक निर्धारण सम्वन्धमा।

७. बिपद् तयारी सम्वन्धमा।

८. खर्च अनुमोदन तथा भूक्तानी सम्वन्धमा ।

९. विविध।

२०८२।३।६

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
निस्दी गाउँपालिका
लुम्बिनी प्रदेश, नेपाल
मिथ्यांग, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

## मिति २०८२।०३।०६ गते बसेको निस्दी गाउँपालिकाको ८४ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा धान दिवश असार - १५ गते निस्दी गाउँपालिकाको वडा नं-०५ गल्धाको ढुंगानाबेसी फाँटमा मनाउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ५ ढुंगानाबेसीमा मेसीनरीवाल र ग्याविङ्ग जाली लागाउने कार्यको लागि भू तथा जलाधार कार्यालय संग प्राविधिक लागत अनुमान अनुसार भएको सम्झौता अनुसार यस गाउँपालिकाको विपद् व्यवस्थापन बाट रु १ लाख र ५ नं वडा गल्धाको आयोजना गल्धाफाँट सार्वजनिक शौचालय निर्माणबाट वडा समिति मार्फत वर्गिकरण भएको १ लाख अनुमोदन गरी भूक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं. १ बाकामलाङको भोटाहामा डम्पीङ्ग गरी राखिएको नदिजन्य पदार्थको दोस्रो पटकको आय ठेक्का आह्वानमा समेत कुनै पनि प्रस्ताबहरु नपरेको हुँदा तेस्रो पटक आय ठेक्का आह्वान गर्न १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि उत्पादनमा अनुदान अन्तरगत चालु आ.बको लागि काउली प्रति के.जी रु ५ र टमाटर प्रति के जी रु ६ कायम गरी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको नागरिक आरोग्य केन्द्रमा कार्यरत कार्यालय सहयोगी श्री गम बहादुर गाहाको खाईपाई आएको मासिक पारिश्रमिकमा आगामी आ.व२०८२/०८३ को श्रावण देखि लागू हुने गरी रु ३००० थप गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा बर्षायामको सुरुवात संगै पालिका र वडा कार्यालय जोड्ने पहुँच मार्ग सुचारु राख्नका लागि व्याकहोलोडर गाउँपालिकामै तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा ज्यामिरे स्वास्थ्य चौकी उद्घाटन , भोटाहा अस्थाई प्रहरी चौकी उद्घाटन र वडा नं ७ को भित्ते लेखनको खर्च अनुमोदन गरी भूक्तानी विविध खर्च शिर्षकबाट गर्ने सर्वसम्मत निर्णय गरियो ।

२०८२।३।६

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

९. प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क ) निस्दी गाउँकार्यपालिकाको मिति २०८२/०२/२४ को निर्णय नं ५ (झ) मा मोहरीया सामुदायिक भवन मर्मतको लागि रु ४० हजार भएकोमा रु २० हजार थप गरि रु ६० हजार कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख ) पृथ्वी टेलिभिजनबाट यस गाउँपालिकाको सामाजिक ,आर्थिक तथा प्रशासनिक बिषयमा सूचना समाचार प्रशारण गरे बापत पेश भएको विल मध्ये रु ४० हजार भूक्तानी गर्ने निर्णय गर्णय गरियो ।

ग ) विभिन्न विषयगत समिति , राजश्व परामर्श समिति ,स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति , बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पास भई आएको आगामी आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम , आर्थिक बिधयेक २०८२ , बार्षिक बजेट बक्तब्य २०८२ तथा बिनियोजन बिधयेक २०८२ माथि छलफल भयो । थप छलफल तथा निर्णयको लागी आगामी कार्यपालिका बैठक मिति २०८२/०३/०८ गते बिहान ८ बजे बस्ने निर्णय गरियो ।

घ ) पूर्वखोला गाउँपालिकाको ढोलिमारा होमस्टेमा भएको जनजाति महासंघको कार्यक्रमको लागि रु ~~२५ हजार~~ १५ (पन्ध्र हजार) विविध खर्च शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

२०८२/३/६

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष